## संवत् २०७९ साल फागुन ४ गते बसेको कार्यपालिका बैठकका निर्णयहरु:

| क्र.स. | शाखा/उपशाखा | निर्णयको संक्षिप्त व्यहोरा |
|---|---|---|
| १. | कृषि तथा पशु पशुपन्छी | अर्ग्यानिक अपि शिर्षकमा विनियोजित बजेटबाट जैविक विषादी कोशेलीघर सबै वडाका लागि भेटेनरी औषधी तथा सर्जिकल औजार सबै वडामा शिविर संचालन लगायतका कार्यक्रम कार्यान्वयन गर्ने । |
| २. | | सुदुरपश्चिम सरकारको १५ बर्षे रणनीति बमोजिम यस गाउँपालिकाको लागि आवश्यक पर्ने कार्यक्रमहरु माग गर्न सबै वडासँग माग संकलन गरी सम्वन्धित निकायमा पठाउने । |
| ३. | | प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना अन्तरगत यस गाउँपालिकाका वडाहरुमा २/२ वटा पकेट कार्यक्रम संचालनका लागि माग गर्ने । |
| ४. | शिक्षा युवा तथा खेलकुद | जिल्लास्तरीय राष्ट्रपति रनिङ सिल्ड प्रतियोगितामा यस अपिहिमाल गाउँपालिका बाट सहभागीहुने खेलाडी विद्यार्थीहरुको व्यवस्थापन गर्न विविध शिर्षकबाट खर्च गर्ने गरी आवश्यक बजेट उपलब्ध गराउने । |
| ५. | | विद्यालय शैक्षिक गुणस्तर सुदृढीकरण एंवम् कार्यसम्पादनमा प्रोत्साहन अनुदान अन्तर्गत यस गाउँपालिकाको वडा नं.५ मा रहेको श्री भवानी माध्यमिक विद्यालयमा विज्ञान प्रयोगशाला निर्माणका लागि छनौट गर्ने । |
| ६. | पूर्वाधार | भू-उपयोग सम्बन्धी प्रचलित कानून बमोजिम यस गाउँपालिकाको भू-उपयोग वर्गिकरण सम्वन्धी कार्य गर्ने । |
| ७. | | स्थानीय पूर्वाधार विभागसँग यस गाउँपालिका भित्र निर्माण गर्नु पर्ने झोलुङ्गे पुलहरुको माग गर्ने । |
| ८. | | आर्थिक वर्ष २०७९/०८०मा दलित वर्ग उत्थान कार्यक्रम शीर्षकमा विनियोजन भएको बजेटबाट वडा नं. ६ का दलित समुदायका लागि शौचालय निर्माण गर्ने । |
| ९. | | कुटानीपिसानी सहित सुधारिएको घट्ट शीर्षकमा विनियोजित बजेट बाट आवश्यक सामग्रीको व्यवस्थापन गरी घट्ट धनिहरुलाई हस्तान्तरण गर्ने । |
| १०. | योजना अनुगमन मुल्यांकन | सुरक्षित नागरिक आवास कार्यक्रम अन्तरगत प्रत्येक वडाबाट ५/५ परिवारका दरले लाभग्राही छनौट गरी पठाउन सबै वडाकार्यालयलाई निर्देशन दिने र सो कार्यक्रम कार्यान्वयन गर्न गाउँपालिकाको कार्यालयलाई निर्देशन दिने । |
| ११. | प्रशासन | यस गाउँपालिकाको कर्मचारी प्रोत्साहन सम्वन्धी मापदण्ड, २०७८ लाई वस्तुनिष्ठ बनाई प्रोत्साहन व्यवस्थापन गर्ने । |
| १२. | | यस गाउँपालिकाको लागि आवश्यक पर्ने खाद्यान्न खाद्य व्यवस्था तथा व्यापार कम्पनी लिमिटेड संग माग गर्ने । |

इन्द्र बहादुर रावल
प्रमुख प्रशासकीय अधिकृत

अपिहिमाल गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
खण्डेश्वरी, दार्चुला
सुदूरपश्चिम प्रदेश, नेपाल

| | | |
|---|---|---|
| १३. | | यस गाउँपालिकाको वडा नं.६ का तल्लो भेगका उपभोक्ताहरुको लागि वडा नं.५ को ओखल र वडा नं.५ का उपभोक्ताहरुका लागि वडा नं.५ मकरीगाडमा बिक्रि केन्द्र स्थापना गरिदिन खाद्य व्यवस्था तथा व्यापार कम्पनी लिमिटेडलाई अनुरोध गर्ने। |
| १४. | महिला तथा बालवालिका | यस वर्षको अन्तराष्ट्रिय नारी दिवस आर्थिक वर्ष २०७९/०८० मा वडा कार्यालयले लक्षित वर्ग शीर्षकमा विनियोजन भएको बजेटबाट खर्च गर्ने गरी नारी दिवस मनाउने। |

इन्द्र बहादुर रावल
प्रमुख प्रशासकीय अधिकृत